# प्रेस विज्ञप्ति

## नेपाल बैंक लिमिटेड र नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखाका बीच सम्झौता

नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेड र नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखाबिच बैंकिङ कारोबार गर्ने सम्बन्धमा सम्झौता भएको छ । मिति २०८१ श्रावण २२ गते मंगलबारका दिन प्रहरी प्रधान कार्यालयमा भएको सम्झौतामा नेपाल बैंक लिमिटेडका प्रमुख वित्त अधिकृत श्री प्रकाश कुमार अधिकारी र नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखाका वरिष्ठ प्रहरी उपरीक्षक श्री रेवती ढकालले हस्ताक्षर गर्नुभएको थियो । सो सम्झौता बमोजिम नेपाल प्रहरी अन्तर्गतका विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले सहुलियत सहितको बिभिन्न सुविधा रहने तलबि खाता खोलि बैंक नियमानुसार बिनाधितो कर्जा तथा अन्य बैकिंग सुविधा पाउन सक्नेछन् ।

मिति: २०८१ श्रावण २३ गते ।

भवदीय,

(होम बहादुर खड्का)
प्रवक्ता